# स्थानीय राजपत्र


बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड ३ बुटवल, असार १२ गते, २०७६ साल संख्या ३**


बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

## बुटवल उप-महानगरपालिकाको गरिबी निवारणका लागि "Peri Urban कार्यक्रम"लाई व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७६

### १. भूमिका

सामाजिक, आर्थिक एवं शैक्षिक दृष्टिकोणबाट पछाडि पारिएका महिला, दलित, जनजाति तथा विपन्न जनसमुदायको आर्थिक एवं सामाजिक उत्थान गर्ने उद्देश्यले गरिबी निवारण कोषको आर्थिक सहयोग, बुटवल उप-महानगरपालिकाको समन्वय र परस्पर सेवा नेपालको सहजिकरणमा यस उप-महानगरपालिका भित्र सञ्चालित 'पेरि अर्बान पाइलिटिङ' परियोजनाको २ वर्षे अवधि सम्पन्न भइसकेको छ । परियोजना अन्तर्गत २० वटा सामुदायिक संस्था गठन भइ परिचालन भएका र प्रत्येक सामुदायिक संस्थालाई तत्काल उपलब्ध बीउ पूँजी परिचालन गरी समुदायका सदस्यहरुले आर्यआर्जनका कार्यहरु गरिरहेका छन् । प्रत्येक सामुदायिक संस्थासँग हाल २० लाख बढी बीउ पूँजी कोष बनिसकेको छ । यस कार्यक्रमबाट ५ सय बढी घर परिवारको आर्थिक एवं सामाजिक जीवनमा तात्विक परिवर्तनहरु देखिन थालेका छन् । यद्यपि अपेक्षा गरिए अनुरुप सामुदायिक संस्थाहरु स्वचालन र सो नियमन हुने गरी सवल, सक्षम र परिपक्क बनाउन अझै थप सहजिकरण, सहयोग तथा समन्वय जरुरी देखिएको छ । यी सामुदायिक संस्थाहरुको संस्थागत विकास गर्दै दीगो व्यवस्थापन गर्न, कार्यक्रमको तर्फबाट उपलब्ध बीउ पूँजीको व्यवस्थापन र परिचालनलाई प्रभावकारी बनाउन, सामुदायिक संस्थाहरू बीच समन्वय गरी राज्यका सरोकारवाला निकायसँग सहकार्य गर्न र राज्यले प्रदान गर्ने सेवाहरु बढी भन्दा बढी विपन्न बस्तीहरुमा पुऱ्याउन, सहजिकरण गर्ने र यस्ता संस्थाहरुको कार्यलाई निरन्तरता दिंदै उनीहरुलाई पूर्ण रुपले दरिलो बनाउन वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम आर्थिक कार्यविधि ऐन, २०७५ को दफा ३१ ले दिएको

अधिकार प्रयोग गरी बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## २. उद्देश्य

(क) पेरी अर्वान सामुदायिक संस्था समन्वय समितिमा आवद्ध सामुदायिक संस्थाहरुको पहुँचलाई आवश्यक आधारभूत सेवा, सुविधासम्म पुऱ्याई, सामुदायिक संस्थाका सदस्यहरुको आर्थिक तथा सामाजिकस्तर उकास्ने र उनीहरुको आत्मविश्वास एवं क्षमता अभिवृद्धि गराई सामाजिक समावेशीकरणका माध्यमबाट दीगो रुपमा विकासको मूलप्रवाहमा ल्याउने,

(ख) आर्थिक तथा सामाजिक स्तर माथि उकास्न स्थानीय कच्चा पदार्थ, स्रोत साधनमा आधारित सीप एवं क्षमता अभिवृद्धिका साथै आर्थिक, सामाजिक र भौतिक पूवार्धार विकासका क्रियाकलाप तथा पकेट क्षेत्र विकास जस्ता कार्यक्रमहरु सञ्चालनमा सामुदायिक संस्थाहरुलाई सहजिकरण गर्दै बजारसम्म पहुँच विस्तार गर्ने,

(ग) बुटवल उप-महानगरपालिका, जिल्ला स्थित विषयगत निकायहरु, दातृ संस्था, विभिन्न सहयोगी संस्थाहरु लगायत समान उद्देश्यका सामुदायिक संस्थाहरुसँग समन्वय गरी सञ्जालको संस्थागत विकास गरी सञ्जाल/संस्थाका सदस्यहरुको जीवनस्तरमा सुधार ल्याउन आवश्यक नीति तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने,

(घ) आयवृद्धि, सीप विकास, नविनतम सोंच तथा प्रविधि, रोजगारी श्रृजना, उत्पादन र उत्पादकत्व वृद्धि, उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सहजिकरण गर्ने,

(ङ) आधारभुत स्वास्थ्य, साक्षरता शिक्षा, युवा स्वरोजगार तालिम, सरसफाई, वातावरण संरक्षण तथा सुधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने,

(च) सामुदायिक उत्पादनको संकलन एवं बेचबिखन केन्द्रको स्थापना तथा बजार प्रबर्द्धन र सामुदायिक सूचना केन्द्र स्थापना गर्न पहल गर्ने,

(छ) आयमूलक व्यापार व्यवसाय तथा स्वरोजगारीका लागि आवश्यक पूँजी व्यवस्थापनको लागि सहयोग गर्ने गराउने,

(ज) स्थानीय तथा समुदायस्तरको योजना तर्जुमा र कार्यान्वयनमा प्रत्येक सदस्यलाई प्रत्यक्ष तथा सक्रिय सहभागी गराउने,

(झ) कृषि बिमा, पशुपंक्षी बिमा, स्वास्थ्य बिमा जस्ता जोखिम न्यूनीकरण सम्वन्धी कार्यका लागि समन्वय गर्ने,

(ञ) स्रोत परिचालनका लागि सरकारी, गैर-सरकारी, वित्तीय संघ संस्थाहरुसँग सम्पर्क र समन्वय गर्ने,

(ट) बचत संकलन, परिचालन तथा घुम्ति कोषको व्यवस्थापन गरी गरिबी निवारण तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम विस्तार गर्ने ।

(ठ) पेरी अर्वान सामुदायिक संस्था समन्वय समिति अर्न्तगतका सामुदायिक संस्थाहरुमा आवश्यकता अनुसार समुदायका सदस्य तथा स्वयंसेवकहरु परिचालनका लागि सहजिकरण गर्ने र नियमित अनुगमन गर्ने,

(ड) समुदायको चाहना र आवश्यकता बमोजिमका विविध क्षमता विकास कार्यक्रम र कल्याणकारी कार्यक्रमहरु उनीहरुकै सक्रिय सहभागितामा सञ्चालन गर्ने,

(ढ) पेरी अर्वान सामुदायिक सस्था समन्वय समिति अर्न्तगतका सामुदायिक संस्थाहरुको संस्थागत सुशासन अभिवृद्धिका लागि सम्बन्धित सामुदायिक संस्थाको विधान बमोजिम पुर्नगठन गर्न, सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्न सहजिकरण गर्ने,

**३. कार्यक्रम सञ्चालन, व्यवस्थापन सम्बन्धी संरचना**

बुटवल उपमहानगरपालिका भित्र सञ्चालन हुदै आएको "Peri Urban कार्यक्रम"लाई सञ्चालन व्यवस्थापन र नियमन गर्नको लागि देहाय बमोजिमका समितिहरु रहने छन् ।

३.१. अनुगमन तथा निर्देशन समिति "Peri Urban कार्यक्रम" लाई अनुगमन तथा निर्देशन गर्नको लागि बुटवल उप-महानगरपालिकाका उप-प्रमुखको संयोजकत्वमा देहायका सदस्य रहेको एक अनुगमन तथा निर्देशन समिति गठन गरिने छ ।

| | |
|---|---|
| क) संयोजक | बुटवल उप-महानगरपालिका, उप-प्रमुख |
| ख) सदस्य | बुटवल उप-महानगरपालिका, सामाजिक विकास समिति संयोजक |
| ग) सदस्य | बुटवल उप-महानगरपालिका, आर्थिक विकास समिति संयोजक |
| घ) सदस्य | कार्यक्रम सञ्चालन भएका वडाका वडाध्यक्षहरु मध्ये संयोजकले तोकेको १ जना वडाध्यक्ष |
| ङ) सदस्य | बुटवल उप-महानगरपालिका, सम्बन्धित महाशाखाको प्रमुख |
| च) सदस्य | अध्यक्ष/प्रतिनिधि परस्पर सेवा नेपाल/विषेशज्ञ |
| छ) सदस्य | २ जना प्रतिनिधि पेरी अर्वान सामुदायिक संस्था समन्वय समितिबाट |
| ज) सदस्य सचिव | बुटवल उप-महानगरपालिकाको सम्बन्धित focal person |

समितिको बैठक आवश्यकता बमोजिम वा कम्तीमा चार महिनाको एक पटक नियमित रुपमा बस्नेछ ।

**समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) सामुदायिक संस्थाहरू एवं समन्वय समिति (सञ्जाल) को नियमित अनुगमन तथा निरीक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

ख) सामुदायिक संस्थाहरूको कोषको परिचालन गर्न आवश्यक समन्वय र सहयोग गर्ने ।

ग) कार्यक्रम सञ्चालन एवं विस्तार गर्न आवश्यक नीति तथा कार्यक्रम नगरपालिकामा सिफारिस गर्ने ।

घ) सामुदायिक संस्थाहरूको संस्थागत विकास र क्षमता अभिवृद्धिका लागि कार्य गर्ने ।

ङ) कोष परिचालनमा व्याजदर लगायत परिचालन नीतिमा एकरुपता ल्याउन समन्वय र निर्देशन दिने ।

### ३.२ पेरी अर्वान सामुदायिक सस्था समन्वय समिति (सञ्जाल) :

पेरी अर्वान कार्यक्रम अन्तर्गतका सामुदायिक संस्थाहरु बिच समन्वय सहकार्य बढाई एकरुपता कायम गरी उद्देशय अनुरुप गतिशील रुपमा बढाउन समन्वय समिति गठन गरिने छ । यसरी गठन हुने सामुदायिक संस्था समन्वय समितिमा सामुदायिक संस्थाहरुको क्लष्टरगत हिसाबले प्रतिनिधित्व हुने गरी निम्न अनुसारको समिति बनाइने छ । समितिको गठन प्रत्येक सामुदायिक संस्थाहरुका अध्यक्ष, सचिव, कोषाध्यक्ष सहभागी भेलाबाट गरिने छ । प्रत्येक २/२ वर्षमा सामुदायिक संस्था समन्वय समिति पुनर्गठन गरिने छ । समितिमा एकै व्यक्ति एकै पदमा लगातार दुई कार्यकाल भन्दा बढी समयसम्म रहने छैन ।

१. संयोजक : १ जना (सामुदायिक संस्थाका अध्यक्षहरू मध्येबाट)
२. सह-संयोजक : १ जना (सामुदायिक संस्थाका अध्यक्षहरू मध्येबाट)
३. सचिव : १ जना (सामुदायिक संस्था अध्यक्षहरू मध्येबाट)
४. सदस्य : १ जना उप-महानगरपालिकाको सम्बन्धित शाखा प्रमुख वा सम्पर्क व्यक्ति)
५. सदस्य : १ जना (परस्पर सेवा नेपालको प्रतिनिधि)
६. सदस्य : २ जना (सामुदायिक संस्थाका अध्यक्षहरू मध्येबाट)

### ३.२.१ समन्वय समिति (सञ्जाल)को बैठक :

(क) नियमित बैठक कम्तीमा दुई महिनामा एक पटक अनिवार्य रुपमा बस्नेछ तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ । ५१ प्रतिशत सदस्यले माग गरेमा संयोजकले सात दिन भित्र वैठक बोलाउन पर्नेछ ।

(ख) लगातार चार महिनासम्म संयोजकले बैठक नबोलाएमा बहुमत समितिका सदस्यहरुले लिखित रुपमा बैठकको माग गरेमा सचिवले सात दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(ग) कुल सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई बैठक मान्य हुने छैन ।

(घ) बिना सूचना लगातार ३ पटक वा सो भन्दा बढी समय सम्म बैठकमा अनुपस्थित भएमा निजसँग स्पष्टीकरण माग गरी सम्बन्धित सामुदायिक संस्थालाई जानकारी गराउनु पर्नेछ, सो स्पष्टीकरण चित्त बुझ्दो नदेखिएमा समितिको दुई तिहाई बहुमतको निर्णयले निजलाई पदमुक्त गर्न सक्नेछन ।

(ङ) बैठकको अध्यक्षता संयोजकले गर्नेछ । संयोजकको अनुपस्थितिमा सह-संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(च) समितिको बैठकमा सकेसम्म सर्वसम्मत निर्णय गरिने छ । सर्वसम्मतबाट निर्णय हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ । कुनै विषयमा निर्णय लिदा प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(छ) समितिको बैठकमा छलफल भई निर्णय भएको विवरण माईन्युट किताबमा लेखी राख्नु पर्नेछ ।

(ज) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ३.२.२२ पेरी अर्वान सामुदायिक संस्था समन्वय समिति (सञ्जाल) को काम कर्तव्य र अधिकार :-

(१) सबै सामुदायिक संस्थाहरुको घुम्तिकोष व्यवस्थापनमा सहजिकरण गर्ने ।

(२) चल अचल सम्पतिको आर्जन, सञ्चालन र उपयोग प्रचलित कानून अनुकुल विविध उपायबाट साधन, श्रोत बढाउन आवश्यक व्यवस्था गर्ने ।

(३) क्षमता विकासका कार्यक्रम, सचेतना अभियान तथा सीप विकास कार्यक्रम सञ्चालनका लागि विभिन्न निकाय तथा संघ संस्थावाट आर्थिक तथा प्राविधिक सहयोग लिनका लागि प्रस्तावना बनाई माग गर्ने र कार्यक्रम सञ्चालन गर्ने ।

(४) कार्यक्रमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(५) समान उद्देश्य भएका संघ/संस्थाहरुसँग समन्वय गरी सञ्जालको उद्देश्य प्राप्तिको लागि काम गर्ने ।

(६) सदस्यलाई नियमित रुपमा आयमूलक उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्न पुँजीको व्यवस्था, प्रवर्द्धन तथा आवश्यक सीप विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणको लागि कार्य गर्ने ।

(७) समन्वय समितिलाई आवश्यक विशेषज्ञ, कर्मचारी, समुदायका साथी, स्वयंसेवक नियुक्त गर्ने । यसरी नियुक्ति गर्नुपूर्व सो प्रयोजनका लागि लाग्ने खर्च भुक्तानी हुने श्रोतको व्यवस्था गरी गर्नुपर्नेछ ।

(८) सामुदायिक संस्थालाई आवश्यक पर्ने प्राविधिक लगायत सबै खालका सेवामा सहजिकरण गर्ने ।

(९) सामुदायिक संस्थाका लागि आवश्यक प्रस्तावना निर्माण र प्रगति प्रतिवेदन तयारीमा सहजीकरण गर्ने ।

(१०) कार्यक्रममा समावेश नभएका टोल बस्ती क्षेत्र भित्रका विपन्न घरधुरीहरुलाई सामुदायिक संस्थामा समेट्दै लैजान सहजीकरण गर्ने ।

(११) कुनै सामुदायिक संस्थाको कोष परिचालनमा समस्या भएको अवस्थामा सामुदायिक संस्थाको नियमित गतिविधि सञ्चालन, कोष परिचालनमा नियमित रेखदेख र व्यवस्थापनमा सहजिकरण गर्ने ।

(१२) कुनै सामुदायिक संस्थाको कोष परिचालन अवरुद्ध हुने अवस्था आइपरेमा समाधान गरी अन्य विपन्न बस्तीमा कार्यक्रम सञ्चालनका लागि अनुगमन तथा निर्देशन समिति मार्फत् बुटवल उप-महानगरपालिकालाई सिफारिश गर्ने ।

(१३) सामुदायिक संस्थाहरुको लेखा परीक्षण गर्ने गराउने तथा सार्बजनिक सुनुवाई गर्ने गराउने ।

**३.३ सामुदायिक संस्थाहरुको क्लष्टरगत विभाजनः**

हाल मौजुदा २० वटा सामुदायिक संस्थाहरुलाई देहाय वमोजिम चार cluster मा कायम गरिने छ ।

३.३.१ cluster १

| क्र.स. | सामुदायिक संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | शिखर देउराली सामुदायिक संस्था | वडा नं. १, शिखर देउराली टोल |
| २. | जितगढी किल्ला सामुदायिक संस्था | वडा नं. १, गढी टोल |
| ३. | सफल सामुदायिक संस्था | वडा नं. २, तल्लो फुलवारी |
| ४. | श्रीसमृद्धि सामुदायिक संस्था | वडा नं. २, डाँडा टोल |
| ५. | सिर्जना सामुदायिक संस्था | वडा नं. ६, न्यू शान्तिनगर टोल |

३.३.२ cluster २

| क्र.स. | सामुदायिक संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | मायादेवी सामुदायिक संस्था | वडा नं. ९, तिनाउ टोल |
| २. | मिलिजुली सामुदायिक संस्था | वडा नं. ९ इट्टा भट्टी, तिनकुने |
| ३. | कालिकानगर सामुदायिक संस्था | वडा नं. १०, कालिकानगर, रामनगर |
| ४. | संजीवनी सामुदायिक संस्था | वडा नं. ११, संजीवनी टोल |
| ५. | जागृति सामुदायिक संस्था | वडा नं. ११, हात्तीसुढ |
| ६. | स्मृति सामुदायिक संस्था | वडा नं. ११, हात्तीसुढ |

३.३.३ Cluster ३

| क्र. स. | सामुदायिक संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | दिदी बहिनी सामुदायिक संस्था | वडा नं. मजुवा क टोल |
| २. | मिलन सामुदायिक संस्था | वडा नं. ११ मजुवा ग टोल |
| ३. | नव दुर्गा सामुदायिक संस्था | वडा नं. ११ न्यु दुर्गानगर |
| ४. | एकता सामुदायिक संस्था | वडा नं. ११ युद्धनगर |

३.३.४ cluster ४

| क्र. स. | सामुदायिक संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | कैलाश नगर सामुदायिक संस्था | वडा नं. १४ कैलाशनगर प्रगतिनगर |
| २. | हरियाली सामुदायिक संस्था | वडा नं. १४ हरियाली टोल |
| ३. | बेल्बरिया थारु सामुदायिक संस्था | वडा नं. १४ बेलबरिया |
| ४. | समाबेसी सामुदायिक संस्था | वडा नं. १५ उपल्लो भाटा |
| ५. | समैयादेबि सामुदायिक संस्था | वडा नं. १६ सेमलार |

प्रत्येक cluster मा रहेका सामुदायिक संस्थाहरुका अध्यक्ष, सचिव, कोषाध्यक्षहरुको उपस्थितिमा दुई महिनाको एक पटक संयुक्त रुपमा cluster बैठक बस्नेछ । cluster बैठक सामुदायिक संस्थाहरुले चक्रिय पद्धतिमा आयोजना गर्नेछन, cluster बैठकको आयोजक संस्थाले आफनो वडाको वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधिलाई बैठकमा सल्लाहकारको रुपमा अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

**३.४ सामुदायिक संस्था सम्बन्धी व्यवस्था :**

सामाजिक, आर्थिक एवं शैक्षिक दृष्टिकोणबाट पछाडि पारिएका महिला, दलित, जनजाति तथा विपन्न जनसमुदायको आर्थिक एवं सामाजिक उत्थान गरी मूल प्रवाहीकरणमा ल्याउन सामुदायिक संस्थाको आवश्यकता महशुस भएकोले गरिबी निवारण कोषको आर्थिक सहयोग, बुटवल उप-महानगरपालिकाको समन्वय तथा परस्पर सेवा नेपाल संस्थाको सहजिकरणमा पेरि अर्बान पाइलटिंग परियोजना सञ्चालन भएको हो । सो परियोजना अन्तर्गत हाल २० वटा सामुदायिक संस्थाहरु गठन भई क्रियाशील रहेका छन । हाल सामुदायिक संस्थाहरुमा कम्तीमा २५ जना सदस्य रहेकोमा लक्षित समूहका सदस्य थप गरी उक्त संख्यालाई क्रमशः कम्तीमा ५० पुऱ्याइनेछ । सामुदायिक संस्थाको व्यवस्थित परिचालनका लागि आवश्यक नमूना विधान वनाई उप-महानगरपालिकाले उपलब्ध गराउनेछ ।

**४. घुम्ति कोष परिचालन सम्बन्धी व्यवस्था :**

४.१ सामुदायिक संस्थाहरुको कोष रकम संस्थाको उद्देश्य अनुरुप संस्थाका सदस्यहरुको गरिबी निवारणको लागि आय आर्जन समेतका कार्यमा लगानी तथा परिचालन गर्ने घुम्तिकोषको रुपमा वृद्धि गर्दै लगिनेछ । घुम्तिकोषको परिचालनलाई व्यवस्थित बनाउन उप-महानगरपालिकाले नमूना घुम्तिकोष परिचालन नियमावली उपलब्ध गराउनेछ ।

**५. सामुदायिक संस्थाको संस्थागत तथा सामुदायिक विकास :**

५.१ सामुदायिक संस्थाको क्षमता विकास र मानव संशाधनको विकासमा बुटवल उप-महानगरपालिका र सहयोगी संस्थाहरुबाट आवश्यक सहयोग हुनेछ ।

५.२ सामुदायिक संस्थाहरुले संस्थाको कोष (बिउ पुँजीको) परिचालनको आम्दानीबाट कम्तीमा १५ देखि २० प्रतिशतसम्म रकम संस्थाका सदस्यहरुको क्षमता विकास, सीप विकास तथा सामुदायिक गतिविधि सञ्चालनमा खर्च गर्नुपर्नेछ । सो भन्दा बढी रकम खर्च गर्नुपर्ने आवश्यक देखिएमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा अनुगमन तथा निर्देशन समितिबाट स्वीकृति गराउनु पर्नेछ ।

**६.समन्वय समितिको आर्थिक श्रोत :**

६.१ समन्वय समिति (सञ्जाल) को खर्च व्यवस्थापका लागि देहाय बमोजिमका क्षेत्रहरुबाट प्राप्त हुने रकम परिचालन गरिनेछ ।

(क) सम्वद्ध सामुदायिक संस्थाहरुबाट प्राप्त हुने रकम :
समन्वय समितिको परिचालनका लागि वार्षिक रूपमा आवश्यक पर्ने रकम समन्वय समितिको भेलाको निर्णयानुसार सम्वद्ध सामुदायिक संस्थाहरुबाट बराबरी हिसाबले उठाइनेछ ।

(ख) बुटवल उप-महानगरपालिकाबाट प्राप्त हुने रकम,

(ग) अन्य क्षेत्रबाट प्राप्त हुने रकम,

६.२ समन्वय समिति (सञ्जाल) परिचालनको लागि प्राप्त हुने आर्थिक स्रोतको खर्चको व्यवस्थापन कार्यविधि बनाइ वा सञ्जालको निर्णयबाट भएको व्यवस्था बमोजिम हुनेछ ।

६.३ समन्वय समिति (सञ्जाल)को आम्दानी खर्चको अनुमोदन र वार्षिक कार्ययोजनाको स्वीकृति वार्षिक भेलाबाट गराउनु पर्नेछ ।

**७. बाधा अड्काउ फुकाउ :**

यस कार्यविधिमा समावेश भएका विषयहरु यसै बमोजिम र अन्य विषयमा अनुगमन तथा निर्देशन समितिको निर्देशन बमोजिम हुनेछ । कुनै विषयमा विवाद उत्पन्न भएमा बुटवल उप-महानगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

**८. खारेजी र बचाउ :**

यस कार्यक्रम अन्तर्गत गठन भई क्रियाशील रहेका सामुदायिक संस्थाहरू यसै कार्यविधि बमोजिम गठन भएका मानिने छन ।

**आज्ञाले**
**चक्रपाणी शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणीकरण मितिः २०७६/०३/०८